ऐन सङ्ख्याः १

# आर्थिक ऐन, २०७४

गाउँ सभाबाट पारित मितिः २०७४\१०\२०

**रुपनी गाउँपालिका**

सप्तरी, नेपाल

२०७४

**रुपनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

गाउँसभामा पेश मितिः२०७४\१०\२०

**प्रस्तावनाः**रुपनी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रुपनी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।
(२) यो ऐन २०७४ साल माघ २० गतेदेखि रुपनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र आयकर ऐन बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र कार्यविधि बनाई भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा कार्यविधि बनाई घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा कार्यविधि बनाई व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कार्यविधि बनाई कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा कार्यविधि बनाई सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कार्यविधि बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा कार्यविधि बनाई व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा कार्यविधि बनाई बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत सडक सञ्जाल विस्तार भएपश्चात कार्यविधि बनाई पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत कार्यविधि बनाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र सेवाहरु उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कार्यविधि बनाई पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अध्यक्षबाट प्रमाणीकरण मितिः २०७४\१०\२०